बैकुण्ठ अधिकारी
कार्यक्रम निर्देशक
रा.प.प्रथम (प्रा)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
मत्स्य विकास निर्देशनालय

फोन नं. ०१ ४३५०६०९
४३८५८५४

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४।०७।०८**

यस निर्देशनालयको आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार केन्द्रिय मत्स्य भवन बालाजुको पहिलो तलामा पार्टिशन गर्ने कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीबाट निम्न शर्तको अधिनमा रही रीतपुर्वकको बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र कार्यालय समयमा रु. ३०००।- (तीन हजार मात्र) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई वा कोष तथा लेखा नियन्त्रकको कार्यालय, लैनचौरको नाममा रहेको राष्टिय वाणिज्य बैंक ठमेलको ११००१ खातामा, कार्यालय कोड नं. २७-३१२-०६ तथा राजश्व शीर्षक नं.: १४२२७ मा जम्मा गरेको भौचर साथ निम्न कागजातहरु संलग्न राखी रु. १०।- को टिकट टाँस गरी यस निर्देशनालयमा निवेदन दिई खरिद गर्न सकिने छ ।

क) चालु आ.व.को लागि नविकरण गरिएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि,
ख) स्थायी लेखा दर्ता प्रमाण पत्र / मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ग) आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
घ) सम्बन्धित निर्माण कार्यको लागि अयोग्य नभएको भनी स्वयं घोषणा पत्र ।

२. विड दाखिला गर्ने म्याद अन्तिम मितिको दिउँसो १२:०० बजेसम्म हुनेछ । सोही दिनको २ बजे प्राप्त बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस निर्देशनालय खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै वाधा पर्नेछैन । वोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा वोलपत्र दाखिला गर्ने अन्तिम मिति तथा समय भन्दा कम्तिमा २४ घण्टा अगावै सिलवन्दी निवेदन दर्ता गराउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खोलिने छ ।

३. विल अफ क्वान्टिटीमा आईटम वाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

४. विल कागजातको मान्य अवधि विड दाखिला गर्ने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनेछ । विडदाताले तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा क वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस निर्देशनालयको नाममा जारी गरेको विड कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० (तीस) दिन वढी अवधिको बैंक ग्यारेन्टी (विडवन्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ । नगद जमानतको लागि रा.बा.बैंक, ठमेल स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय, लैनचौरको नाममा रहेको हिसाव नं. ११००२०३, कार्यालय कोड नं. २७-३१२-०६, मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गराउन पाईनेछैन् ।

६. माग गरिएका कागजात नभएको रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बोलपत्र उपर कारवाही हुनेछैन ।

७. कुनै पनि वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहने छ । साथै वोलपत्र आह्वानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस निर्देशनालयको सूचनापाटीमा टाँस गरीनेछ ।

८. यस सूचनामा उल्लेख गरिए बाहेकका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

| सि.न. | कामको विवरण | लागत ईस्टीमेट रकम (मू.अ.कर र कन्टिजेन्सी वाहेकको ) | बोलपत्र जमानत रकम | बेलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय मत्स्य भवनको पहिलो तलामा पार्टिशन गर्ने कार्य | रु. १९,५०,३७९।४८ | रु.६९,०००/- | ३०००।- | २०७४/०८/०७ | २०७४/०८/०७ |